# गाउँपालिका अध्यक्ष नगेन्द्र बहादुर बिष्ट ज्यूले गाउँ सभामा प्रस्तुत गर्नु भएको

## नरहरिनाथ गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

## नरहरिनाथ गाउँपालिका

## २०८३ असार १० गते

"शिक्षा,स्वास्थ्य, कृषि,पर्यटन र पूर्वाधारः नरहरिनाथ गाउँपालिकाको विकास र समृद्धिको आधार "

Website: naraharinathmun.gov.np Email: naraharinathgapa@gmail.com ito.naraharinathmun@gmail.com

**गाउँसभाका सदस्यज्यूहरू,**

नरहरिनाथ गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभाका सम्पूर्ण सदस्यहरू, पूर्व जनप्रतिनिधीहरू, कर्मचारी, पत्रकार, सुरक्षाकर्मी तथा सम्पूर्ण उपस्थित महानुभावहरुमा सर्वप्रथम नरहरिनाथ गाउँपालिकाको १९ औं गाउँ सभामा हार्दिक स्वागत गर्दछु।

नेपालको लोकतान्त्रिक आन्दोलनका प्रेरणाका अग्रजलाई स्मरण गर्दै नागरिक सर्वोच्चता,स्वतन्त्रचा,सुशासन, भ्रष्टाचार नियन्त्रण,आर्थिक रुपान्तरण र जनउत्तरदायी शासन प्रणाली स्थापनाको आकाङ्क्षासहित २०८२ भदौ २३ र २४ गते यूवापुस्ताको ऐतिहासिक सहभागितामा भएको आन्दोलनमा सहादत प्राप्त गर्नु हुने ज्ञात-अज्ञात सहिदहरुप्रति हार्दिक सद्धाञ्जली अर्पण तथा घाइते हुनुभएका सम्पूर्ण योद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । मुलुकको लोकतान्त्रिक शासन प्रणाली र नेपाली समाजको अग्रगामी रूपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते तथा बेपत्ता नागरिक लगायत आन्दोलनमा सहयोग एवं योगदान पुऱ्याउनु हुने सम्पूर्ण दाजुभाई र दिदीबहिनीहरु प्रति उच्च सम्मान प्रकट गर्दछु। साथै, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अग्रपङ्क्तिमा रहेर नेतृत्व गर्नुहुने नेतृत्वकर्ता एवम् सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानलाई स्मरण गर्न चाहन्छु।

प्रत्येक नेपालीलाई आफ्नो इतिहास र स्वाभिमान, संघर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरव बोध गराउन, जनतामा राज्यप्रति थप आशा र भरोसा पैदा गर्न, गाउँपालिकामा आर्थिक गतिशीलता बढाउन, भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता कायम गर्दै सुशासन कायम गर्ने र दण्डहीनताको अन्त्य गर्ने दिशामा गाउँपालिका लागि परेको छ।

सम्वत् २०७९ साल बैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार समालेको चार बर्ष पुरा भएको छ ।यस अवधिमा गाउँपालिकाको विकास सुव्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुर्गामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनि गरिएको छ ।यस कार्यमा गाउँपालिका वासी तथा सरोकारवाला निकायहरुबाट भएको सहयोग सहकार्य र समन्वयका लागि नरहरिनाथ गाउँपालिका धन्यवाद ज्ञापन गर्दछ ।

**अब म यस सम्मानित सभामा चालु आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

१. लालीघाट देखि गाउँपालिकाको केन्द्र कुमालगाउँ सम्म र खुलालु लालु माल्कोट धाँचु सम्मको सडकको स्तरोन्नति गरि नागरिकहरुले यातायातको सहज रुपमा सेवा प्राप्त गरिरहेका छन ।
२. खुलालु लालु वडा नं. ८ र ९ को कार्यालय सम्म आफ्नै सडक एम्बुलेन्सबाट सडकको स्तरोन्नति गरि नागरिकहरुलाई सहज रुपमा यातायातको पँहुज पुऱ्याइएको छ साथै वडा नं. ९ अन्तर्गत पर्ने चौथा देखि छेपाडे खर्क हुँदै अछाम जिल्लाको सिमाना सम्म सडकको नयाँ ट्र्याक ओपन गरिएकोछ ।
३. वडा नं. १ को चुल्ठिडाँडा देखि सुनथराली विमानस्थल सम्मको सडक गाउँपालिकाको समन्वय र संघीय सरकारबाट विनियोजन भएको बजेटबाट सडकको स्तरोन्नति तथा विस्तारको भएको छ । साथै सुनथराली बिमानस्थल देखि लामिछाने हुँदै बडिमालिका जोड्ने सडकको नयाँ ट्र्याक ओपनको कार्य भइरहेको छ ।
४. धाँचु देखि वडा नं ७ जोड्ने सडक र धाँचु देखि बाँघा हुँदै काप्ला रुप्सा सम्म जोड्ने सडक निर्माणधिन अवस्थामा रहेको छ ।

५. चालु आर्थिक बर्षमा भौतिक पूर्वाधार तर्फ कच्चि सडक बिस्तार करिब २१ किलोमिटर निर्माण कार्य सम्मन्न गरि सडक संचालनमा रहेको छ । विद्यालय पूर्वाधार अन्तर्गत भवन निर्माण साना ठुला गरी ४ वटा, खानेपानी तर्फ १२ वटा आयोजना, सिचाई कुलो तथा पोखरी र अन्य विभिन्न आयोजनाहरु निर्माण गरिएका छन ।

६. पालिका केन्द्र देखि वडा नं ४ को कार्यालय स्वास्थ्य चौंकी हुदैं वडा नं ५ जोड्ने सडक निर्माण योजनाको भेरेखोला देखि गोठी खण्ड र सैन्य खोला सडक खण्ड निर्माण कार्य सञ्चालनमा रहेको छ आगामी आर्थिक बर्ष भित्र गाउँपालिकाको केन्द्र हुँदै वडा नं ५ को रुप्सा सम्म सडक सञ्जाल जोड्ने गरि निर्माण कार्य भईरहेको छ ।

**७. संघीय सरकार, प्रदेश सरकार र गाउँपालिका र अन्य विकास साझेदार सघ संस्थाहरुबाट विनयोजन भई आ.व. २०८२/०८३ मा सञ्चालित योजनाहरु मध्ये ५ वटा ठेक्का मार्फत सञ्चालन भएका र अन्य उपभोक्ता समिति मार्फत वडामा सञ्चालन भएका १७७ वटा योजना गरी हाल सम्म १८२ वटा योजना मध्ये १११ वटा योजनाहरु समपन्न भई सकेका छन ।**

**८. विपन्न नागरिक सँग अध्यक्ष कार्यक्रमबाट १० जना लाइ २ महिने ढाँका बुनाइ र २० जनालाई १ महिने झोला सिलाई तालिम सञ्चालन गरि ३० जनालाई सीप विकास तालिम सञ्चालन गरि १०० वटा झोला तयार गरेर अति गरिब तथा विपन्न विद्यार्थिहरुलाई वितरण गर्ने कार्य भइ रहेको छ ।**

**९. नेपाल पर्यटन बोर्ड र यस नरहरिनाथ गाउपालिकाको समन्वय तथा सहकार्यमा कर्णाली साँस्कृति महोत्सव कार्यक्रममा कर्णालीका १५० भन्दा बढि कलाकार र १ हजार भन्दा बढि दर्शकहरुको उपस्थितिमा पुलिस क्लव भूकुटिमण्डप काठमाडौंमा बृहत साँस्कृतिक महोत्सव सम्पन्न गरिएको भएको छ**

१०. नेपाल नेत्र ज्योति सँघ र किर्डाक नेपाल कालिकोट अन्तर्गत GSS परियोजना को सहयोग र नरहरिनाथ गाउँपालिकाको समन्वय तथा सहकार्यमा विशेषज्ञ आँखा,अपाङ्गता पहिचान र किशोर किशोरी प्रजन्न स्वास्थ्य शिविर योगी नरहरिनाथ आधारभूत अस्पताल, स्वास्थ्य चौकी लालु र नरहरिनाथ गाउँपालिकाको कार्यालयमा सम्पन्न भई जसबाट करिब २ हजार भन्दा बढि विरामीहरुले विशेषज्ञ सहितको सेवा प्राप्त गरि लाभन्वित भएका छन।

११. गाउँपालिका वडा नं.१ देखि ९ सम्म क्षयरोग स्कृनिङ्ग, महिलाको पाठयघरको मुखको क्यान्सर स्कृनिङ्ग, स्वास्थ्य, स्क्रफ टाइफस, डेङ्गी, मलेरीया, अपाङ्गता पहिचान, ५ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको पहिचान र अन्य विभिन्न सर्ने तथा नसर्ने रोगहरुको (Active Case Detection) घुम्ति शिविर संचालन गरि उच्च रक्तचाप ४२ जना, मधुमेह ७ जना, दम ३९ जना, क्षयरोगको ९ जना र ४८ जना को रिङ्ग पेसरी प्रदान गरेर बिरामिहरूको पहिचान गरि उपचारको दायरामा ल्याइएकोछ ।

१२. नरहरिनाथ गाउँपालिकामा रहेका विभिन्न स्वास्थ्य संस्थाहरुबाट हाल सम्म १२ हजार भन्दा बढी बिरामीहरुले सेवा प्राप्त गर्नु भएको छ र नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरि २०८३ जेठ २७ गते पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा, स्वास्थ्य चौकि कोटवाडालाई पोषण मैत्रि स्वास्थ्य संस्था, योगी नरहरिनाथ आधारभूत अस्पताललाई पूर्ण पोषण उन्मुख स्वास्थ्य संस्था घोषणा गरिएको छ ।

१३. वर्न हर्ट वल्ड वाइड(भिडिसेफ) संस्थाको सहयोगमा स्वास्थ्य चौकि रुप्सा, स्वास्थ्य चौकी माल्कोट, स्वास्थ्य चौकी लालुमा प्रसुति केन्द्रहरुमा आवश्यक पर्ने सामाग्रिको व्यवस्थापन गरि आधारभूत स्वास्थ्य सेवा केन्द्र उच्छवलाई प्रसुति केन्द्रको रुपमा स्थापन गरि सेवा प्रदान गरि हाल सम्म २४० जना सामान्य प्रसुति र २ जनालाई हवाई उद्वार र ४९ जनालाई माथिल्लो स्वास्थ्य संस्थाहरु सम्म पुग्न आवश्यक पर्ने यातायाता खर्च उपलब्ध गराई निशुल्क प्रेषण गरि सेवा प्रवाह गरिएकोछ ।

१४.	विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत विद्यार्थीहरुको आँखा जाँच तथा परीक्षण, महिलाहरुको पाठयघर मुखको क्यान्सर सम्बन्धी शिविर संचालन गरिएको छ साथै पुरुष स्थायी बन्ध्याकरण सम्बन्धि शिविर संचालन गरिएको छ।

१५.	नागरिकता प्राप्त गर्न सेवाग्राहीहरुलाई झनझटिलो हुने र Digital Nepal को अवधारण अनुरूप Paper Less गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय कालीकोटको आवश्यक समन्वय तथा सहजिकरण र गृह मन्त्रालयको सहयोगमा केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन अन्लाईन प्रणाली पूर्ण रुपमा सञ्चालन भई हाल सम्म १००७ जनाले सेवा प्राप्त गरेका छन् ।

१६. सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि नरहरिनाथ गाउँपालिकाको प्रशासनीक भवन वडा नं. १,२,६,८,९ स्वास्थ्य चौकी लालु, आधारभूत स्वास्थ्य ईकाइ रानीखेत, स्वास्थ्य चौकी कोटवाडा र योगी नरहरिनाथ आधारभूत अस्पतालमा सूचना प्रविधि विभागसँग समन्वय र सहकार्य गरि ई-हाजिरि जडान गरि पूर्ण रुपमा संचालनमा ल्याइएको छ ।

१७. सामाजिक सुरक्षा तर्फ बैशाख १ गते देखि ७ गते सम्म प्रत्येक वडामा व्यक्तिगत घटना दर्ता सप्ताहा कार्यक्रम सञ्चालन गरिएको छ साथै सामाजिक सुरक्षा भत्ता वापत ५ हजार ७ सय १५ पन्ध्र जनाले सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले भत्ता प्राप्त गरेका छन।

१८. महालेखा परीक्षकको कार्यालयको त्रिसट्ठिऔं प्रतिवेदनमा अनुसार कालिकोट जिल्लाका स्थानीय तहहरु मध्ये नरहरिनाथ गाउँपालिका बेरुजु कम हुने पालिका मध्ये समग्रमा दोश्रो स्थानमा रहेकोछ ।

१९. गोठालो भत्ता वितरण कार्यक्रम अन्तर्गत भेडापालक ५७ जना, बाख्रा पालक ५१ र ५ जना भैसिपालक गरि ११३ जनालाई गोठालो भत्ता वितरण गरिएको छ ।

२०. गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा पशु स्वास्थ्य शिविर सञ्चालन गरि गाई, भैसि, भेडाबाख्रा,कुकुर बिरालो, घोडा खच्चड, कुखुरा र बंगुर लगायत अन्य पशुपंक्षिहरु गरि जम्मा २१४७ वटा पशु चौपायाहरुको उपचार गरिएको छ भने पशुपंक्षि बिमा कार्यक्रम अन्तर्गत गाईभैसि र भेडाबाखा को गरि जम्मा २७२ वटाको बिमा गरिएको छ ।

२१. कृषि तथा पशुपंक्षी सेवा तर्फ स्याउ, ओखर, मकै र दलहन बाली प्रर्वद्धन कार्यक्रम लागत साझेदारीमा संचालन गरी कृषकहरुलाई व्यवसायीक खेति तर्फ आवद्ध गर्ने कार्यहरु गरिएका छन ।साथै खोरेत, पि.पि.आर, रेविजको खोप कार्यक्रम संचालन गरि करिब १६,५०० पशुहरुका लागि सेवा प्रदान गरिएको छ।

२२. कृषकहरुले व्यवसायिक रुपमा तरकारी खेति गर्न प्रोत्साह स्वरुप तरकारीको निशुल्क बिउ वितरण अगुका कृषकहरुलाई तालिमको व्यवस्थापन, मध्य पहाडि मकै बालि पर्वद्धन कार्यक्रम, कृषि पशुपंक्षी तथा मत्स्य तंथ्याक कार्यक्रम, कृषक समुह गठन परिचालन तथा व्यवस्थान सम्बन्धि तालिम र सुनौला हजार दिनका आमाहरुलाई तरकारीको बिउ वितरणका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

२३. महिला बालबालिक तथा समाज कल्याण इकाईबाट लैङ्गिक हिंसा विरुद्धको अभियान,लैससास परीक्षण,महिला पुरुष सम विकास तालिम,अनुशिक्षण तालिम,महिला दिवस,विश्व वातावरण दिवस,जेष्ठ नागरिक प्रति गरिने दुर्व्यवहार विरुद्धको विश्व चेतना दविस र बाल क्लवका पदाधिकारिहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनुका साथै अपाङ्गता परिचय पत्र कार्यविधि अनुसार गाउँपालिकाबाट ४४३ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरिएको छ ।

२४. उद्योग विकास शाखाको समन्वयमा वडा नं. ४ मा दालमोट उत्पादन सम्बन्धी सीप विकास तालिम, वडा नं. ३ मा डल कुशन उत्पादन सम्बन्धी सीप विकास,अचार बनाउने सम्बन्धी सीप विकास तालिम, वडा नं ७ मा प्रविधि हस्तान्तरण र स्थानीय बजार सरसफाई तथा व्यवस्थापन सम्बन्धिका कार्यक्रमहरू संचालन संचालन गरि सम्पन्न भएको छ ।

२५. खरिद कार्यलाई निश्पक्ष, बस्तुनिष्ट, पारदर्शि बनाउनका लागि गाउँपालिबाट खरिदका लागि विनियोजित भएको बजेटबाट हुने कार्यका लागि सम्पूर्ण खरिदका कार्यहरु विद्युतिय बोलपत्र आह्वानबाट खरिद कार्य गरिएको छ साथै संघीय सरकार प्रदेश सरकार र गाउँपालिकाबाट विनियोजन भएको भौतिक पूर्वाधार निर्माणका सम्पुर्ण योजनाहरुको विद्युतिय बोलपत्र आह्वान बाट कार्यहरु संचालन गरिएको छ ।

२६. खुलालु-लालु माल्कोट लामा राइटा सर्गा हुदैं वडा नं. ७ को धाँचु सम्म र विश्वकुना पिपलरुख थाडीमाडु हुदै वडा नं. ७ को रातिमाट सम्म सडक सञ्जाल जोडि संचालनमा ल्याइएको छ ।

२७. नरहरिनाथ गाउँपालिकामा संचालन गरिएका व्यवसायिकहरुका लागी स्थानीय तहबाट आर्थिक ऐनमा भए बमोजिम उद्योग तथा बाणिज्य तर्फका फर्मलाई स्थानीयस्तर बाट नै दर्ता तथा नविकरणको सेवा प्रवाह गरि करको दायरामा वृद्धि गरिएको छ ।

२८. स्वास्थ्य क्षेत्र अन्तर्गत स्वास्थ्य सुधार कार्यक्रम,पूर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा, दिर्घ रोगीको लागि वितरण गरिने रकम सोधभर्ना र बर्थिङ्ग सेन्टर निर्माण, राष्ट्रपति सुत्केरी उद्धार कार्यक्रमबाट सुत्केरीको उद्धार कार्यक्रम संचालन गरिएको छ ।

२९. विद्यालयमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्न विद्यार्थिको संख्या र अन्य आवश्यक्ता हेरि शिक्षकलाई कामकाजमा खटाइएको छ ।

३०. संचालनमा रहेका व्यावसायीकहरुका लागि नीतिगत व्यवस्था बारे अभिमुखिकरण कार्यक्रम संचालन गर्दै स्थानीय बजारको अनुमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ  गरिएको छ ।

३१. आन्तरिक रोजगारी सिर्जना गर्ने क्रममा नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालय मार्फत राष्ट्रिय रोजगार प्रवर्द्धन कार्याक्रम र स्थानीय तहको साझेदारीमा सञ्चालित आयोजनाहरु मार्फत यस गाउँपालिकामा ६३ जनालाई प्रदान गरियो र कर्णाली प्रदेश सरकार मुख्यमन्त्री कार्यालयबाट संचालित मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित दुबै कार्यक्रमका  १८ आयोजनाहरु मार्फत २२७ जना गरी जम्मा २२९० जनालाई न्यूनतम रोजगारी प्रदान गरीयो ।

३२. यस गाउँपालिकामा अन्तर्गत रोजगार सेवाकेन्द्रको सहजिकरणमा वौदेशिक रोजगारीको सिलसिलामा वैदेशिक भूमि युएई देशमा दुर्घटनामा परी मृत्यु भएका एक जना व्यक्तिको लास उद्धार र पारिवारलाई क्षतिपूर्तीका लागि वैदेशिक रोजगार वोर्डको सचिवालयमा सहजीकरण गरियो ।

३३. आगामी आर्थिक वर्षका लागि यस गाउँपालिका वडा कार्यालय नं. १ देखि ९ सम्ममा बेरोजगार निबेदन पेश भएका १०४६ परुष र १२०९ महिला गरी जम्मा २२५५ जनाको युवा, श्रम तथा रोजगार मन्त्रालयको रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा बेरोजगार सूचिकृतका लागि विवरण प्रविष्टि गरियो ।

**धन्यवाद !**

**गाउँसभा सदस्यज्यूहरू,**

**अब म आगामी आर्थिक बर्ष २०८३/०८४ को गाउँपालिकाको समग्र नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

**गाउँपालिकाको समग्र नीति**

१. नरहरिनाथ गाउँपालिकाको निर्माणाधिन अवस्थामा रहेको रिङ्गरोडको अवधारणालाई आत्मसाथ गर्दै सबै वडा तथा गाउँ, टोल वस्तीहरुलाई गाउँपालिकाको केन्द्रसंग जोडिनेछ साथै गाउँपालिका बासिहरुलाई निरन्तर रुपमा सहज यातायातको पहुँचमा पुऱ्याउन, सडक निर्माण तथा सुधारका कार्यहरु छिटोछरितो गर्नका लागि सडक एम्बुलेन्सलाई निरन्तरता दिइनेछ ।

२. यस नरहरिनाथ गाउँपालिकाको प्रशासकीय भवनलाई थप व्यवस्थित गर्न योगी नरहरिनाथको शालिक निर्माण र कम्पाउनडिङ गरिनेछ ।

३. वडा कार्यालयको भवन निर्माण हुन बाँकि वडा कार्यालयहरुको भवन निर्माण गरिनेछ ।

४. नरहरिनाथ गाउँपालिका अन्तर्गत वडा नं. १,२,३,४,६,७,८ र ९ मा विद्युतको पहुँच पुगिसकेको छ र बाँकि रहेका वडाका टोल बस्तिहरुमा राष्ट्रिय प्रसारण लाइन विस्तार गरि विद्युत जडानका लागि आवश्यक पहल गरिनेछ ।

५. गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा प्रचलित कानूनको अधिनमा रही ऐन, नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई पुर्ण रुपमा कार्यान्वय गरिनुका साथै आवश्यकता अनुसार संशोधन गरिनेछ ।

६. योगदानमा आधारीत सामाजिक सुरक्षा कोषमा करार कर्मचारी तथा ज्यालादारी श्रमिकहरुलाई आवद्ध गरिनेछ ।

७. जनयुद्ध जनआन्दोलन सहिद तथा घाईते अपाङ्गता भएका घरपरिवारहरुलाई आयआर्जन तथा सीपमुलक कार्यक्रम संचालन गरिनुका साथै उक्त परिवारहरूलाइ सम्मान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका समपुरक र विशेष अनुदान बहुवर्षिय र स्रोत सुनिश्चितता प्राप्त योजनाहरु सम्पन्न हुने गरी प्राथमिकताका आधारमा रकम विनियोजन गरेर मात्र नयाँ योजनाहरुमा रकम विनियोजन गरिनेछ ।

९. नरहरिनाथ गाउँपालिका बासीहरुलाई एक घर एक धारा कार्यक्रम अन्तर्गत बाकिँ रहेका घरधुरीहरुलाई स्वच्छ खानेपानीको प्रार्याप्त आपुर्ति गर्नका लागि संघीय सरकार, प्रदेश सरकार र गैरसरकारी सेवा प्रदाय संस्थाहरुसँग सहकार्य गरि स्वच्छ खानेपानीको व्यवस्था गर्ने कार्यक्रमलाई निरन्तरता दिइने।

१०. गाउँपालिकाको केन्द्र कुमालगाउँ, सैनेखोला रुप्सा र सर्गा रुप्सा सडक खण्डमा रहेको कडा चट्टान भागलाई विस्फोट गर्न नेपाली सेना सँग समन्वय तथा सहजिकरण भई कडा चट्टान बिस्फोट गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**११. विपन्न नागरिक सँग अध्यक्ष कार्यक्रम र कृषक सँग उपाध्यक्ष कार्यक्रमलाई चालु आ.ब झै आगामी आर्थिक बर्षमा पनि निरन्तरता दिइनेछ ।**

१२. नरहरिनाथ गाँउपालिकामा रहेका व्याप्त बेरोजगारीलाई कम गर्न र आन्तरीक रोजगारी सिर्जना गर्न नेपाल सरकार यूवा श्रम तथा रोजगार मन्त्रालयद्धारा सञ्चालित **राष्ट्रिय रोजगार पवर्द्धन कार्यक्रम मार्फत** उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारीको प्रत्याभुती, सिप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनःएकिकरण सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न गर्नका लागि आवश्यक पर्ने साझेदारी बजेटको व्यवस्था गरिनेछ ।

१३. गाउँपालिकामा आवश्यकतताको आधारमा झोलुङ्गे पुल निर्माण गर्नका लागि विकास साझेदार संघ संस्थाहरु सँग आवश्यक समन्वय तथा साझेदारीका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

**१४. नेपाल पर्यटन बोर्डको आर्थिक सहयोग र गाउँपालिकाको समन्वय तथा सहकार्यमा कर्णाली सौँस्कृति महोत्सव कार्यक्रमलाई निरन्तरत गरिनेछ ।**

**१५. एक एक पाइला फाउनडेसन र गाउँपालिकाको समन्वय तथा सहजिकरणमा बृहत विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गर्नका लागि आवश्यक पहल गरिनेछ ।**

१६. २०७९ साल बैशाख ३० गते निर्वाचन पश्चात निर्वाचित भए पछी गाउँपालिकामा भए गरेका कामहरुको प्रगति प्रतिवेदनको बृत्तचित्र तयार गरिनेछ ।

१७. गाउँपालिकामा कार्यरत, वडा कार्यालय, शिक्षा, स्वास्थ्य लगायत अन्य क्षेत्रमा कार्यरत करार कर्मचारीहरुलाई प्रोत्साहनको व्यवस्थापन गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

**अव म विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु ।**

**आर्थिक तथा रोजगार नीति**

- **कृषि, खाद्य तथा पशु नीति**

१. खाद्य तथा पोषण सुरक्षालाई सुनिश्चित गर्न स्थानीय स्तरमा उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ साथै कृषि योग्य जमिनको संरक्षण तथा उपयोगलाई प्राथमिकता दिई बाँझो जमिनको उपयोग गर्ने कृषकहरुलाई गाउँपालिकाबाट थप प्रोत्साहन गरिनेछ।

२. प्राङ्गारिक कृषि उत्पादनमा बृद्धि, हरित क्रान्तिमा आधारित सम्बृद्धि भन्ने नाराका साथ प्राङ्गारिक कृषि प्रणाली ( जस्तै एकिकृत शत्रु जिव व्यवस्थापन) को माध्यमबाट निर्वाहमुखी कृषि पेशालाई व्यावसायिक एवं प्रतिस्पर्धी बनाई कृषकको आयस्तर र बजारमा प्रतिष्पर्धा गर्न सक्ने उत्पादन बढाउने नीति अवलम्वन गरिने छ ।

३. कृषकको क्षमता अभिवृद्धिका लागि कृषकको मागमा आधारित स्थलगत तालिम संचालनका साथै समुहको गठन, पुनःगठन, परिचालन तथा व्यवस्थापनका कार्यक्रम संचालन गरिनेछ ।

४. पालिकामा संचालित माध्यामिक सरकारी बिद्यालयहरुमा तरकारी तथा च्याउ खेती प्रविधि सम्बन्धी तालिम संचालन मार्फत दिवा खाजा व्यवस्थापनका लागि बिद्यालयमा नै उत्पादन गरि पोषण सुधारमा सम्बन्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५. कृषकहरुलाई दैनिक उपभोग्यका सामाग्रिहरु जस्तै तरकारी र फलफुलहरुको बजार रेट सम्बन्धि जानकारी कृषक समक्ष पुर्याउनका लागि भरपर्दो सञ्चार माध्यमको रुपमा मोबाइल SMS को व्यवस्था गरिनेछ ।

६. पालिकाको सम्भाव्यताको आधारमा मकै बाली प्रवद्धन कार्यक्रम, दलहन खेती, तरकारी बाली प्रवर्द्धन, मसला बाली प्रवर्द्धन, फलफूल बाली प्रवर्द्धन, मौरीपालन व्यावसाय तथा च्याउ खेती प्रवर्द्धन कार्यक्रम संचालन गरी उत्पादित बस्तुहरु निर्यातमा प्रवर्द्धन गरिनेछ।

७. माटो परिक्षण शिविर संचालन मार्फत कृषकको माटोको गुणस्तर परिक्षण गरि सोहि अनुरुप खेतिबाली लगाउन प्रत्साहित गरि बाली सुरक्षणको लागि बाली विमा कार्यक्रम संचालन गरिने छ ।

**८. पशुपालन ब्यबसायलाई थप गुणस्तरीय र उत्पादनमुखि बनाउन पशु उपचारात्मक सेवालाई प्रभाबकारी बनाइनुका साथै ग्रामीण भेगका पशुपालक कृषकहरुको आय स्तर बृदि गर्न सीपमुलक पशुपालन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।**

९. गोठालो भत्ता, दुधमा प्रोत्साहन जस्ता कार्यक्रमहरुलाई आगामी आर्थिक बर्षमा पनि निरन्तरता दिईनेछ।

१०. नरहरिनाथ गाउँपालिकामा कृषि पकेट क्षेत्र विस्तार गर्नका लागि माटो परिक्षण गरिएकोमा उक्त परिक्षण गरिएको क्षेत्रमा कुन खेतिबालि गर्दा उपयुक्त हुन्छ सोहि अनुसारको खेतिबाली गर्नका लागि कृषकलाई प्रोत्साहन गरिनेछ ।

११. **एक घर एक करेसाबारी** सञ्चालन गर्नका लागी गाउँपालिका बासिहरुका लागि समय अनुसारको बिउ उपलब्ध गरिनेछ ।

**ग्रामिण उद्योग तथा व्यापार नीति**

**१. नरहरिनाथ गाउँपालिका अन्तर्गत वडा नं. १ देखि ९ सम्म सबै वडाहरुमा रहेको स्रोत साधनलाई प्रयोग हुने गरि उद्यमशिलताको माध्यमबाट रोजगारी सिर्जना गरि गरिबि न्यूनिकरणमा सहयोग पुग्ने उद्देश्यका साथ आवश्यकता पहिचानको आधारमा १ वडामा १ एलमको स्थापना गरिनेछ ।**

**२. उद्योग विकास शाखाद्वारा सञ्चालित गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा स्थानीय स्तरमा खेर गई रहेका स्रोत साधनहरुलाई मध्यनजर गर्दै समुदायको मागमा आधारित उद्यमशिलताको माध्यमबाट प्राविधिक सीप विकास तालिम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।**

३. **नरहरिनाथ गाउँपालिकामा संचालन गरिएको बाँसका सामाग्री बनाउने तालिममा थप लगानी गरि बस्तुको गुणस्तरमा बृद्धि गरिनुका साथै वडा न ४ र ७ लाई लचित गरि व्यवसायिक मैरी पालन सम्बन्धी सीप विकास तालिम संचालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।**

४. सीपमुलक व्यावसायिक तालिम संचालन गर्ने उक्त तालिम संचालन गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

**पर्यटन नीति**

१. अन्तरप्रदेशिय पर्यटकीय पदमार्ग निर्माणको लागी वडा नं ५ को खुरगाड हुँदै त्रीवेणि पाटन बडिमालिका र रामारोशन तालसम्म पद मार्ग निर्माण गरी पर्यटन प्रवर्द्धनमा विषेश जोड दिइनेछ ।

२. नरहरिनाथ गाउँपालिकामा भएका शहिदहरुको सम्मानको लागि शहिद पार्क निर्माण गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।

३. नरहरिनाथ गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रका सम्भावनाहरुलाई पहिचान गरि पर्यटन प्रवर्द्धन गर्नका लागी आवश्यक भौतिक संरचना निर्माण गर्न प्रदेश सरकार र संघीय सरकार सँग माग पेश गरिनेछ ।

४. गाउँपालिकामा रहेको सुनथराली बिमानस्थल सँग पँहुच हुने गरि सुनथराली पर्यटकिय पदमार्ग निर्माण गरि अन्तरपालिकालाई जोड्न संघीय सरकार र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।

५. नरहरिनाथ गाउँपालिका वडा नं. ८ र ९ मा रहेका धार्मिक स्थलहरु बर्डथला, काडदेवपाल्ना, बर्जु रुपादेवी मन्दिर हुदैं रामारोशन ताल सम्म पर्यटकीय पदमार्ग निर्माण गरिनेछ ।

**साझेदारी विकास**

१. गाउँपालिका र विभिन्न गैर सरकारी संघ संस्थाहरुबाट सञ्चालन हुने विभिन्न योजना/आयोजनाहरूको दोहोरोपना हटाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गैर सरकारी संघ संस्थाहरुको बजेट गाउँपालिकाको मुल बजेट तथा कार्यक्रममा समाबेश गरेर मात्र कार्यक्रम संचालन गरिनेछ।

२. गाउँपालिकामा क्रियाशिल गैर सरकारी संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी ठूला पूर्वाधार निर्माण योजनामा संघीय सरकार तथा प्रदेश सरकार र अन्य विकास साझेदार संघ सस्थाहरुसँग आवश्यक पहल तथा साझेदारी कार्यलाइ निरन्तरता दिइनेछ।

३. विकास आयोजना सञ्चालनको लागि सार्वजनिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था तथा समुदायसँग आवश्यक समन्वय तथा साझेदारी कार्यलाई निरन्तरता दिइनु साथै गाउँपालिका भित्र कार्यक्षेत्र भएका सम्पूर्ण संघ संस्थाहरुले आफ्नो बजेट तथा कार्यक्रम र कार्य सम्पन्न पश्चात सम्पन्न प्रतिवेदन गाउँपालिका पेश गर्ने व्यवस्था मिलाइनेछ ।

**सामाजिक विकास नीति**

**शिक्षा नीति**

१. यस गाउँपालिकामा रहेका सामुदायीक तथा संस्थागत विद्यालयहरुको गुणस्तर वृद्धि गर्नका लागि गाउँपालिका स्तरिय अनुगमनमा स्थानीय सरकार, गाउँ शिक्षा समिति तथा शिक्षा यूवा तथा खेलकुद शाखाबाट प्रत्येक विद्यालयहरुको अनुगमन निरीक्षण गरि उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी र प्रधानाध्यापक छनोट गरी सम्मान गरिनेछ साथै अनुगमनको प्रगति प्रतिवेदन त्रैमासिक रुपमा यस गाउँपालिकाको वेभसाईट मार्फत सार्वजनिक गरिनेछ।

२. "शैक्षिक रुपान्तरणः जीवन मुल्य शिक्षा कार्यकम" अन्तर्गत "अभिभावक शिक्षा, मुल्य मुलक शिक्षा र विद्यार्थी सहभागितामुलक शिक्षा" कार्यक्रम संचालन गरिनेछ।

३. गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नका लागि सम्बन्धित सरोकारवालहरु सँग समन्वय सहकार्य र साझेदारी गरिनेछ ।

४. नरहरिनाथ गाउँपालिका वडा नं .९ मा रहेको श्री जनप्रभात मा.वि. एवं प्राविधिक विद्यालयलाई १५ महिने कृषि बाली विज्ञानलाई ३ वर्षे बालिविज्ञान सञ्चालन गर्न तथा प्राविधिक शिक्षासुधार कार्यक्रम अन्तरगत समपुरक बजेटको लागि दातृ निकायसँग आवश्यक समन्वय तथा सहजिकरणका लागि पहल गरिने छ।

५. नरहरिनाथ गाउँपालिका भित्र रहेका सबै सामुदायिक विद्यलायहरुको स्थलगत अनुगमन गरी अति आवश्यक विद्यालयमा भौतिक तथा शैक्षिक प्रबन्ध गर्न सम्बन्धित निकाय संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार संघ संस्था सँग बजेट माग गरिनेछ ।

६. शिक्षक तथा कर्मचारीहरुका लागि तालिम, विद्यालयमा खेलकुद मैदान, सशक्तीकरण, विद्यालयहरुको सङ्ख्या मर्ज तथा समायोजन गरि गुणस्तरीय शिक्षामा प्राथमिकता, पालिका स्तरीय नमुना विद्यालय बनाउन विशेष जोड, विद्यालयहरुलाई आई.सी.टी. मैत्री बनाउन सघीय सरकार, प्रदेश सरकार सँग आवश्यक समन्वय तथा सहिजिकरण गरिनेछ।

७. नरहरिनाथ गाउँपालिका भित्रका सामुदायीक विद्यालयमा अध्ययन गरेका आधारभूत तह कक्षा ( ८ र १० ) को परीक्षामा उत्कृष्ट हुने विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि नीति तयार गरी अध्यक्ष / उपाध्यक्ष सर्वोत्कृष्ट छात्रवृत्तिको व्यवस्था गरिने छ ।

८. गाउँपालिका भित्र सबै विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम परिमार्जन गरी ( स्थानीय भाषा र कला संस्कृति संरक्षण र पर्वद्धन ) गर्दै पठनपाठन गर्ने कार्यलाई निरन्तरता दिनुका साथै गाउँपालिकाको कला संस्कृति जीवनशैलीमा आधारित विषयमा अनुभव आदानप्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय शैक्षिक संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

९. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधि मैत्री सिप विकास शिक्षण, कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाइ आदान प्रदानका कार्यक्रम संचालन गरिनेछ।

१०. विद्यालयमा अध्ययनरत बालबालिकाको नेतृत्व विकास गर्न विद्यालयमा विभिन्न दिवसीय कार्यक्रम मार्फत बालबिवाह तथा लागु पदार्थ दुर्व्यसनी नियन्त्रणका लागि बाल क्लबलाई सक्रिय बनाइनेछ।

११. सबै सामुदायिक विद्यालयमा विद्युतका पहुँच विस्तार गरी विद्युत र इन्टनेटको पहुँच भएको विद्यालयमा ई हाजिरी प्रणाली जडान गरी शिक्षक कर्मचारीको विद्यालय उपस्थितिलाई नियमित गराइनेछ ।

१२. आधारभूत र मा.वि.तह शिक्षकको लागि शिक्षण सिकाई क्रियाकलाप सम्बन्धि अभिमुखीकरण तथा पुनर्ताजकीकरण तालिम सञ्चालन गरिनुका साथै वि.व्य.स. प्रधानाध्यापक र लेखा सम्बन्धि तालिम बैठक र गोष्ठीको सञ्चालन गरिनेछ।

१३. शैक्षिक सुधार र प्रविधिमैत्री शिक्षाको लागि सरोकारवाला निकायलाई नमुना विद्यालय अवलोकन भ्रमण कार्यक्रम गरिनेछ।

१४. माध्यमिक तह र आधारभूत तह चलेका कुनै २ विद्यालयलाई क्रमश नमुना मानी आलोपालो भौतिक पूर्वाधार लगायतका शैक्षिक सुधारका लागि नमुना विद्यालय (पालिका स्तरमा ) मानी बजेट विनियोजन गरिनेछ।

१५. तह मिलान दरबन्दी मिलान (विद्यालय स्तरमा) जस्ता शैक्षिक उन्नयनका कार्यक्रमहरुलाई पनि निरन्तरता दिइनेछ।

१६. किशोरी संवाद र बालबगैंचामा गरिने छलफल र सिकाईहरु थप किशोरी र बालबालीकाहरुमा पनि बिस्तार गराउनका लागि सम्पूर्ण सामुदायीक विद्यालयहरुले शुक्रबारिय कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्नका लागि आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ।

१७. यस नरहरिनाथ गाउँपालिका अन्तर्गत सञ्चालित कक्षा ४ देखि ९ सम्मका विद्यालयको परीक्षा प्रणालीलाई व्यवस्थित मर्यादित बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ .

१८. सबै सामुदायिक विद्यालयमा समुदायको अपनत्त्व वृद्धि गर्न "हाम्रो विद्यालयः राम्रो विद्यालय" कार्यक्रम लागु गरिनेछ।

१९. गाउँपालिकाबाट करारमा नियुक्त गरिएका शिक्षक कर्मचारीलाई शिक्षण सिकाइमा थप हौसला प्रदान गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२०. शिक्षामा समता मूलक पहुँच सुनिश्चित गर्न विद्यालय बाहिर रहेका महिला, दलित, जनजाति, अल्पसंख्यक, अपाङ्गता भएका र टुहुरा बालबालिकालाई संघीय, प्रदेश सरकार र गैर सरकारी संघ संस्थासँग समन्वय गरी विद्यालयमा ल्याउन उचित प्रबन्ध मिलाइनेछ।

२१. विद्यालयमा छात्राको सहभागिता वृद्धि र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि छात्रा उत्प्रेणा कार्यक्रम सञ्चालनमा ल्याइनेछ

२२. कक्षा ECD देखि कक्षा ३ सम्मको कक्षाकोठा र बसाइ व्यवस्थालाई व्यवस्थित गर्न अध्यक्ष / अपाध्यक्षसँग बालबालिका कार्यक्रम सञ्चालन गरिनेछ।

**जनस्वास्थ्य नीति**

१. नरहरिनाथ गाउँपालिकामा रहेका सम्पूर्ण प्रसुति केन्द्रहरुबाट प्रेषण भएका सुत्केरी तथा गर्भवति आमाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान र जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सहिद परिवारका व्यक्ति र विपन्न घरपरिवारलाई बिशेष छुट दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. विद्युतिय स्वास्थ्य सूचना अभिलेख तथा प्रतिवेदन प्रणाली **(Electronic Health Information Recording and Reporting System (EHIRRS Program in Hospital ) पूर्ण रुपमा** कार्यान्वयन गरिनेछ ।

३. योग ध्यानको माध्यमबाट नागरिकहरुलाई शारीरिक मानसिक एबम् आध्यात्मिक रुपमा स्वस्थ्य तथा सबल बनाई समग्र स्वास्थ्य सेवामा सुधार गर्नका लागि मनोसामाजिक परामर्श केन्द्रको स्थापना गर्न आवश्यक पहल गरिनेछ।

४. बिद्यालयमा बिद्यार्थीहरुलाई योग शिक्षा कार्यक्रम लागु गरी बिद्यार्थीको मानसिक तथा शारीरीक रुपमा सुधार ल्याउने जस्ता कार्यक्रम संचालन गरिनेछ ।

५. यस गाउँपालिकामा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई स्वीकृत दरबन्दी संरचना तथा सामुदायीक महिला स्वास्थ्य स्वमसेविकाहरुलाई बजेटको परिधिभित्र रही गुणस्तरीय स्वास्थ्य सेवालाई सुचारु गर्न कर्मचारी र स्वमसेविकाहरुको व्यवस्थापन, प्रोत्साहन तथा आवश्यकता अनुसार हेरफेर गरिनेछ ।

६. सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि भौतिक पूर्वाधार निर्माण तथा मर्मत र प्रयोगशाला व्यवस्थापनमा जोड दिदै योगी नरहरिनाथ आधारभूत अस्पताललाई थप व्यवस्थित बनाइने छ ।

७. नेपाल सरकारको पहिलो प्रथमिकता परेका कार्यक्रमलाई व्यवस्थित गर्न सुरक्षित मातृत्व कार्यक्रम मातृ शिशु पोषण कार्यक्रम पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई प्रभावकारी बनाई वञ्चितिकरणमा परेका समुदायलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८. सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि भौतिक पूर्वाधार र प्रयोगशाला व्यवस्थापनमा जोड दिदै योगी नरहरिनाथ आधारभूत अस्पताललाई थप व्यवस्थित बनाइने छ ।

९. सङ्क्रामक रोग जनस्वास्थ्य विपद् र महामारीबाट स्वास्थ्यमा पर्न सक्ने असर न्यूनिकरण गर्न रोकथाम निगरानी नियन्त्रण र व्यवस्थापन गरिनेछ । यसका लागि पूर्व तयारि प्रतिकार्य तथा पुनःस्थापना गर्न चिकित्सक सहित दुर्त प्रतिकार्य टोलिलाई परिचालन गरिनेछ ।

१०. छरिएर रहेका वस्तिहरुमा स्वास्थ्य सेवा प्रवाह गर्न एकिकृत स्वास्थ्य शिविर संचालन गरि नसर्ने रोगको पहिचानमा जोड दिदै उपचार पद्धतिलाई निरन्तरता दिइनेछ।

११. मातृ तथा नवशिशु मृत्यूदर लाई उल्लेखनिय रुपमा घटाई दिगो विकास लक्ष्य पूरा गर्नको लागि ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई सुदृढिकरण गरि प्रत्येक गर्भवतिले ३ पटक सम्म निशुल्क भिडियो एक्स रे गरि समस्या पहिचान भएका गर्भवति तथा सुत्केरीलाई प्रेषणको व्यवस्थापन गरिनेछ। र प्रसुति केन्द्रहरुलाई थप व्यवस्थित गरिनेछ ।

१२. सुरक्षित मातृत्व बाल स्वास्थ्य पोषण खाद्य स्तरोन्नति लगायत प्रवर्द्धनात्म प्रतिकारात्मक उपचारात्मक र पुनर्स्थापनाका कार्यक्रम तथा प्राणघातक रोग क्यान्सरबाट जोगाउन गाउँपालिका भरि स्कृनिङ्ग शिविर र महिलाहरुमा देखिने गरेको पाठेघर मुखकको क्यान्सर रोकथाम गर्न स्कृनिङ्ग तथा खोप अभियानलाई व्यवस्थित र निरन्तरता गरिनेछ ।

१३. नरहरिनाथ गाउँपालिकामा संचालनमा रहेका नीजी मेडिकल क्लिनिकहरुको नियमन गरी नियमानुसार दर्ता गरि करको दायरामा ल्याउन पहल गरिनेछ ।

१४. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजि क्षेत्र गैर सरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।

१५. मातृ मृत्यू तथा पेरिनेटल मृत्यू दरलाई कम गर्न (MPDSR) कार्यक्रमलाई व्यवस्थित बनाउदै अगाडी बढाइनेछ

१६. ।

**पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन**

१. बहुक्षेत्रीय पोषण योजना तेश्रो तथा पोषणमैत्री स्थानीय शासनलाई संस्थागत गर्दै गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन स्वास्थ्य, कृषि, शिक्षा, खानेपानी तथा सरसफाइ, महिला तथा सामाजिक विकास क्षेत्रबीच समन्वय र सहकार्यमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ। पोषणसम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेट सुनिश्चित गरी पोषणयुक्त, स्वस्थ र समृद्ध पालिका निर्माण गरिनेछ।

२. पालिका तथा वडा स्तरका पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरू तथा समन्वय सहजीकरण समितिलाई नियमित र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

३. पोषणमैत्री स्वास्थ्य संस्था, टोल, वडाको स्थापना तथा विस्तार गरिनेछ।

४. प्रत्येक घरधुरीमा करेसाबारी तथा पोषण बगैंचा प्रवर्द्धन गर्नुका साथै स्थानीय पोषणयुक्त खाद्य उत्पादन प्रशोधन र उपभोगलाई प्रोत्साहन गरिनेछ।

५. विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय तथा पोषणयुक्त खाद्य पदार्थको प्रयोगलाई प्राथमिकता दिइनेछ .

६. सुनौला १००० दिनका आमा तथा विपन्न परिवारका लागि आयआर्जन अनुदानलाई प्रभाकारी कार्यन्वयन तथा अनुगमन गरिनेछ तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिने छ।

**खानेपानी तथा सरसफाई नीति**

१. गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त बनाउन साझेदार संस्थाहरुसंग समन्वय गरि विभिन्न जनतेतनामुलक कार्यक्रमहरु सन्चालन गरिनेछ ।

**२. खानेपानी मुहान संरक्षणमा विशेष जोड दिइनेछ साथै सुकेका मुलहरु पुनः पहिलेकै अवस्थामा फर्काउन आवश्यक कार्यक्रम संचालन गरिने छ ।**

३. गाउँपालिका भित्रका सम्पुर्ण खानेपानीका योजनाहरुको NWASH Plan तयार गरेर NWASH प्रणालीमा प्रविष्ट गरि सुरक्षित तथा स्वच्छ खानेपानीको ल्याव सेवा संचालन गरि स्वच्छ खानेपी वितरणका लागि पानी शुद्धिकरण गर्ने कार्यक्रम सन्चालन गरिने छ ।

४. उपायाँडाँडा भौतेखोला भण्डारा तुर्के खोला डिके सम्मको खानेपानी आयोजनालाई निरन्तरता दिई संघिय सरकार तथा प्रदेश सरकार संग आवश्यक समन्वय तथा सहजिकरण गरि खानेपानीको भौतिक निर्माण कार्यको थालनी गरिने छ ।

**संस्कृति तथा सम्पदा नीति**

१. नरहरिनाथ गाउँपालिका वडा नं ५ मा रुप्सामा मनाइने पुष्पाञ्जली शरद मेला, वडा नं ८ मा पर्ने रहगाड मा मनाइने योगि नरहरिनाथको जन्मजयन्ति र लालुमा मनाइने संगम साँस्कृति गानेचौर घाँसे मैदान मेलालई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२. नरहरिनाथ गाउँपालिका भित्र आयोजना हुने विभिन्न महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकि सहित प्रदर्शन गरि राष्ट्रिय लोकबाजाको संरक्षण तथ सम्वर्द्धन गर्ने नीति ल्याइनेछ।

३. नरहरिनाथ गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. गाउँपालिकाका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको पहिचान तथा संरक्षणको लागि तथ्याङ्क संकलन गरि अभिलेखीकरण कार्यको सुरुवात गरिनेछ ।

**महिला बालबालिका, तथा जेष्ठ नागरिक समाज कल्याण ईकाइ**

१. लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२. विपन्न दलित, एकल महिला अपाङ्गता भएका व्यक्ति हिंसा पिडित महिलालाई आय आर्जन सहितको तालिम र नेतृत्व तहमा पुग्न क्षमता विकासका साथै सशक्तिकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गरिनेछ । साथै लैङ्गिक हिंसा विरुद्धका सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

३. ज्येष्ठ नागरिकलाई सम्मानका कार्यक्रम संचालन गरिनेछ ।

४. प्रत्येक वडामा रहेका बाल क्लवलाई पुनर्गठन गरी बाल क्लवका पदाधिकारीहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।साथै बाल भेलाको कार्यक्रम संचालन गरिनेछ

५. बालश्रममुक्त स्थानीय तह,बालमैत्रि स्थानिय तह घोषणा कार्यक्रमलाई विशेष अभियानको रुपमा संचालन गरिनेछ साथै महिनावारी स्वच्छता व्यवस्थापनको बारेमा सचेतना अभिवृद्धि गर्ने ।

६. यस नरहरिनाथ गाउँपालिकामा जोखिममा रहेका तथा अपाङ्गता भएका बालबालिकालाई आवश्यक सेवा प्रवाह संचालन गरिनेछ ।

७. यस गाउँपालिकाको प्रत्येक वडामा गइ अपाङ्गता भएका व्यक्तिको अपाङ्गता पहिचान गरि उपयुक्त परिचय पत्र वितरण गरिनेछ।

८. अपाङ्गता भएका व्यक्तिहरुको स्वरोजगारीको लागि तालिम संचालन गरिनेछ ।

९. यस गाउँपालिकामा रहेका अपाङ्गता तथा जोखिममा रहेका बालबालिकाको उपचार गर्न आपतकालिन बाल उद्धार कोषलाई कार्यन्वयनमा ल्याइनेछ ।

१०. यस गाउँपालिकामा रहेका अपाङ्गता बालबालिकाको अपाङ्गता पहिचान गरी उपचार सहायक सामाग्री, कृतिम अङ्ग उपलब्धको लागि साझेदार संघ संस्थासँग पहल गरिनेछ ।

११. बाल अधिकार संरक्षण र संबर्धनको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१२. अपाङ्गतामैत्री/ समावेशी व्यवहार सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखिकरण गर्ने ।

१३. एकल महिलाको क्षमता विकासको लागि क्षमता विकासका तालिम संचालन गरिनेछ ।साथै जिविकोपार्जनको लागि सीप विकासका तालिम संचालन गरिनेछ ।

१४. महिला तथा बालिका विरुद्ध हुने हिंसा सम्बोधनको लागि सिफारिस प्रणालीलाई प्रभावकारी रुपमा कार्यन्वयनमा लिइनेछ ।

१५. लैङ्गिक हिंसा,मानव बेचविखन तथा ओसारपसा र घरेलु हिंसाका पीडितहरुको लागि कोष र केन्द्रको स्थापना गरीनेछ ।

**पूर्वाधार विकास**

**सडक पूर्वाधार सम्बन्धी नीति**

१. गाउँपालिकाले निर्माण गरेको सडक गुरुयोजना बमोजिम रिङ्ग रोडको अवधारणालाई आत्मसाथ गर्दै रिङ्ग रोड निर्माणका लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गरि सडक निर्माण गरिनेछ ।

२. लालु,खुलालु विश्वकुना वडा नं. ८ र वडा नं. ९ अन्तर्गत पर्ने चौथा छेपाडे खर्क हुँदै अछाम जिल्लाको सिमाना माटिउकाला सम्म जोडने सडक खण्डको मर्मत तथा स्तरोन्तीका लागि प्रदेश सरकार सँग समन्वय तथा सहकार्य पहल गरिनेछ ।

३. लालीघाट, कोटवाडा, कुमालगाउँ हुँदै वडा नं ४ र ५ रुप्सा जोड्ने सडकको स्तरोन्ती गरिनुका साथै ट्र्याक ओपन हुन बाँकि सडक खण्डको निर्माण कार्यलाई बिषेश प्राथमिकताका साथ आगामी आर्थिक बर्ष भित्र ट्र्याक ओपन गरि नागरिकहरुलाई सडकको पँहुचमा पुर्‍याइनेछ ।

४. विश्वकुना, तलकोट लामाराईटा धाँचु वडा नं. ७ को वडा कार्यालय हुँदै उच्छव दुदुल्ली सम्मको सडक निर्माण कार्यका लागि बजेट विनियोजन गरिनेछ ।

५. विश्वकुना बाउन गाउँ पिपलरुख थाडिमाडु हुँदै माल्कोट रातिमाट सम्मको सडकलाई स्तरोन्ती गरि सञ्चालनमा ल्याइनेछ।

६. गाउँपालिका भित्र रहेका अधुरा तथा अन्य योजनाहरुलाई पुरा गर्न संघिय सरकार, प्रदेश सरकार र अन्य विकास साझेदार निकायहरु सँग बजेटको लागि आवश्यक माग गरिनेछ ।

७. गाउँपालिका भित्र जोखिम क्षेत्रमा रहेका बस्तिहरुको पहिचान गरि उक्त बस्तिहरुलाई जोखिम न्यूनिकरण गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

८. पालिकाको केन्द्र देखि माल्कोट लालु जोड्ने सडक र कोटवाडा माल्कोट जोड्न सडक स्तरोन्तीका लागि आवश्यक बजेटको व्यवस्थापन गरि सडक सञ्चालन गरिनेछ ।

९. गाउँपालिकामा आवश्यक पर्ने विभिन्न विद्यालय भवन तथा अन्य पूर्वाधार निर्माणका लागि आवश्यक समन्वय गरिनेछ।

१०. नरहरिनाथ गाउँपालिका अन्तरगत पर्ने सुनथराली बिमानस्थल देखि लामिछानी, चसु हुँदै बडिमालिका पुग्ने सडक निर्माणका लागि संघिय सरकार र प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

११. यस गाउँपालिकाको वडा नं. ८ र ६ जोड्ने लाम्रीखोला र लालु माल्कोट हुँदै गाउँपालिकाको केन्द्र सम्म जोड्ने सडक अन्तर्गत वडा नं. ६ र ३ को रहगाड खोलामा मोटरएवल पुल निर्माणका लागि आवश्यक समन्य तथा सहकार्य गरिनेछ।

१२. गाउँपालिका बासिहरुलाई निरन्तर रुपमा सहज यातायातको पहुँचमा पुऱ्याउनका लागि लालीघाट हुदैं गाउँपालिकाको केन्द्र कुमालगाउँ सम्म खुलालु लालु हुदैं वडा नं ९ वडा नं ६ र ७ को धाँचु सम्म र वडा नं. ५ चसु देखि डोग्डा खोला सम्म निर्माण गरिएका सडकहरुको स्तरोन्ती गरी बाह्रै महिना संचालन गर्नका लागि आवश्यक पहल गरिनेछ ।

१३. यस गाउँपालिका भित्र निर्माणधिन अवस्थामा रहेका विभिन्न सडक, पर्यटकिय मार्ग, भवन लगायत अन्य भौतिक पूर्वाधार निर्माणका कार्यहरुलाई निरन्तरता दिइनेछ ।

**नापी सम्बन्धी नीति**

१. गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी, पर्ति तथा सामुदायीक जग्गाको लगत संकलन तथा डिजिटल अभिलेखिकरण गरिनेछ । साथै गाउँपालिका भित्र रहेको सम्पूर्ण भूमी प्रशासन, नापी, कित्ताकाट, नामसारी, बाटो, सार्वजनिक जग्गा संरक्षण सम्बन्धी जग्गाधनिहरुलाई अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. सार्वजनिक संस्था, विद्यालय, वडा कार्यालय, स्वास्थ्य सस्था लगायत अन्य सरकारी सस्थाहरुमा जग्गाको चारकिल्ला निर्धारणका लागि समन्वय तथ सहजिकरण गरिनेछ ।

३. गाउँपालिका भित्र रहेको बाँझो जमिनलाई खेतियोग्य बनाइ खेति गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

४. गाउँपालिका अन्तर्गत निर्माण भएका सम्पूर्ण सडकहरुको क्षेत्राधिकार र सिमा निर्धारण गर्दै सडकको लगत कट्टा गर्नका लागि आवश्यक पहल गरिनेछ ।

**सूचना तथासंचार सम्बन्धी नीति**

१. नरहरिनाथ गाउँपालिकाको प्रशासनीक भवन वडा नं. १,२,६,८,९ स्वास्थ्य चौकी लालु, आधारभूत स्वास्थ्य ईकाइ रानीखेत, स्वास्थ्य चौकी कोटवाडा र योगी नरहरिनाथ आधारभूत अस्पतालमा सूचना प्रविधि विभागसँग समन्वय र सहकार्य गरि ई-हाजिरि जडान गरि पूर्ण रुपमा संचालनमा ल्याइएको र बाकिँ वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा आगामी आर्थिक बर्षबाट ई-हाजिरि जडानका लागि आवश्यक समन्वय तथा सहजिकरण गरि ई-हाजिरी जडान गरिनेछ।

२. नरहरिनाथ गाउँपालिकामा वडा नं १,२,३,६,८,९ र गाउँपालिकाको केन्द्र कुमालगाउँ सम्म अप्टिकल फाइबर ईन्टरनेट जडान भइ सेकेको र बाकिँ रहेका वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरुमा आगामी आर्थिक बर्ष भित्र अप्टिकल फाइबर (Optical Fiber) को जडान गरेर सेवा ग्राहीलाई सहजता पुर्वक सेवा पुर्याइनेछ ।

३. आगामी आर्थिक बर्ष २०८३/८४ को साउन महिना देखि एकिकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरि सूचना प्रविधि सम्बन्धी वडा सचिव र शाखा प्रमुखहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरि पूर्ण रुपमा एकिकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) सञ्चालनमा ल्याइने छ

४. गाउँपालिकामा संचालनमा रहेको रडियो सुनथराली एफ.एम ९०.६ मेगाहर्ज लाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ।

**ऊर्जा विकास सम्बन्धि नीति**

१. नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण लाइन हाल सम्म वडा नं. १, २, ३, ४, ६, ८ र ९ मा संचालनमा रहेको प्रसारण लाइनलाई सबै वडाहरुमा विस्तार गर्नका लागि नेपाल विद्युत प्राधिकरण सँग समन्वय तथा सहकार्य गरेर यसै आर्थिक बर्षमा राष्ट्रिय विद्युत प्रशारण लाइन सबै वडामा विस्तार गरि नागरिकलाई विद्युतको पहुँचमा पुर्याइनेछ साथै नरहरिनाथ गाउँपालिका वडा नं. ७ मा सञ्चालनमा रहेको उच्छवखोला जलविद्युत आयोजनाको विस्तारका लागि आवश्यक पहल गरिनेछ।

२. बैकल्पीक ऊर्जा प्रर्वद्धन केन्द्रसँग आवश्यक पहल गरी यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्था शैक्षिक संस्थाहरुमा सौर्य ऊर्जा मागका लागि आवश्यक पहल गरिनेछ ।

**रोजगार सिप तथा उद्यमशीलता नीति**

१. यस नरहरिनाथ गाँउपालिकामा रहेका व्याप्त बेरोजगारीलाई कम गर्न र आन्तरीक रोजगारी सिर्जना गर्न नेपाल सरकार यूवा श्रम तथा रोजगार मन्त्रालयद्धारा सञ्चालित **राष्ट्रिय रोजगार पवर्द्धन कार्यक्रम मार्फत** उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारीको प्रत्याभुती, सिप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनःएकिकरण सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न गर्नका लागि आवश्यक पर्ने साझेदारी बजेटको व्यवस्था गरिनेछ ।

२. कर्णाली प्रदेश सरकारद्धारा सञ्चालित **मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमलाई** प्रभावकारी तथा थप रोजगारी सिर्जना गर्नका लागि आवश्यक साझेदारी बजेटको व्यस्था गरिनेछ ।

३. वैदेशिक रोजगारीका लागि विदेशियका र विदेशबाट फर्किएका व्यक्तिहरुको लगत संकलन गरि फर्किएका व्यक्तिहरुको अनुभव ज्ञान र सीप क्षमताको पहिचान गरी आन्तरिक रोजगारी पर्वद्धनका लागि **उध्यमशिलता पर्वद्धन कार्यक्रम** संचालन गरिनेछ ।

४. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न वैदेशिक रोजगार विभाग र श्रम कार्यालयबाट प्रदान गरिदै आएको पुनःश्रम स्वीकृति, राहत उद्दार र छात्रवृति प्रदान गर्न पालिकाबाट समन्वय र सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि निति**

१. वन क्षेत्रको संरक्षण, संवर्द्धन तथा दिगो व्यवस्थापन मार्फत जैविक विविधता संरक्षण गरिनेछ।

२. नदी, खोला, तालतलैया, सिमसार क्षेत्र तथा जलाधार संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ साथै स्थानीय खोलाहरुमा अवैधानि रुपमा माछा मार्ने बन जंगलमा पाइने बन्यजन्तुको सिकार गर्ने व्यक्तिलाई कानून बमोजिम कार्वाही गरिनेछ।

३. दिगो बिकासका लक्ष्यहरुलाई आत्मसाथ गर्दै वन, वातावरण तथा जलवायु परिवर्तनका अनुकुलनता कार्यहरु अवलम्वन गर्नुका साथै जैविक विविधताको संरक्षण गरिनेछ।

४. वातावरण संरक्षण तथा जलवायु अनुकूलनका लागि संघ, प्रदेश तथा विकास साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य गरिनुका साथै फोहोरमैला व्यवस्थापन, स्रोतमा फोहोर वर्गीकरण तथा पुनःप्रयोग/पुनर्चक्रणलाई प्रोत्साहन गरिनेछ।

५. स्थानीय तहको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कानुन, कार्यविधि तथा मापदण्ड निर्माण र कार्यान्वयन गरिनेछ।

६. वन स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट स्थानिय समुदायको सहभागिता अभिवृद्धि गर्दै वन पैदावरबाट प्राप्त राजस्वले गाँउपालिकाको आर्थिक बिकासमा योगदान पुर्याईनेछ।

७. गाँउपालिका भित्र कम्तिमा एउटा नर्सरी स्थापना गरि वन विकास तथा सडक, नदि र सार्वजनिक जग्गाहरुमा सरोकारवाला निकायहरुको साझेदारीमा वृक्षारोपण गरिनेछ।

८. वनजन्य उद्यम तथा गैरकाष्ठ वन पैदावारको उत्पादन, प्रशोधन र बजारीकरणलाई प्रोत्साहन गरिनेछ साथै वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

**विपद् व्यवस्थापन नीति**

१. नरहरिनाथ गाउँपालिका वडा नं. ५ को कालेखोलामा बाढी पहिरो आई उच्च जोखिममा र बस्तिलाई पुनःस्थापना गर्न र पूर्ण क्षति भएका घर पुनःस्थापना गरि पुनःनिर्माण गर्ने र भौगोलिक उच्च रिपोटको आधारमा लिई तटबन्धन पुनःनिर्माण र बृक्षारोपण कार्यका लागि आवश्यक पहल गरिनेछ ।

२. विपद् पूर्वतयारी, उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माण कार्यलाई प्रभावकारी बनाइनुका साथै बाढी, पहिरो, डुबान, खडेरी, आगलागी, चटयाङ, भूकम्प लगायतका प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुने क्षति न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

३. गाउँपालिकामा बसोबास गर्ने सम्पूर्ण नागरिकहरुलाई जल तथा मौषम सम्बन्धी जानकारी दिनका लागी ३/३ दिनमा मौषम पूर्वानुमान सम्बन्धि मोबाइलमा SMS प्राप्त गर्ने प्रणालीको व्यवस्थापन गरिनेछ ।

४. पालिकाभित्र जलवायु र विपद् सम्वन्धी कार्य गर्ने विकास साझेदार संस्थाका कार्यक्रमहरु एकिकृत गरी जलवायुमैत्री, जैबिक बिविधता संरक्षणमा केन्द्रित गर्दै दिगो वातावरण उन्मुख बनाउन पहल गरिनेछ

५. नरहरिनाथ गाउँपालिमा रहेका प्रत्येक वडाहरुमा खोज उद्धार तथा कृत्रिम घटना अभ्यासका सामाग्रीहरुको व्यवस्थापन तथा भण्डारण गरि विपद्को जोखिम न्युनिकरण गर्नका लागि वायोइञ्जिनियरिङको अवधारणालाई निरन्तरदा दिइनेछ।

६. स्थानीय विपद् व्यवस्थापन कोषलाई सुदृढ बनाई विपद्को समयमा आवश्यक स्रोत—साधनको व्यवस्था गरिनेछ साथै विपद् प्रतिकार्यका लागि आवश्यक उद्धार सामग्री, उपकरण तथा राहत सामग्रीको पूर्वभण्डारण गरिनेछ ।

**सहकारी सम्बन्धी नीति**

१. नरहरिनाथ गाउँपालिका भित्र सेवा प्रवाह गरिरहेका सबै सहकारी संस्थाहरुलाई प्रभावकारी रुपले अनुगमन तथा नियमन गरि कोपो एम आईएस COPOMIS प्रणालीमा आवद्ध गरिनेछ ।

२. सहकारी संस्थामा आवद्ध भएका विभिन्न समिति सँचालक समिति, लेखा समिति र शिक्षा समिति तथा कर्मचारीहरुलाई सीपमुलक तालिम सञ्चालन गर्नका लागी सहकारी विभाग सँग आवश्यक पहल गरिनेछ ।

**संस्थागत विकास तथा सुशासन नीति**

१. स्थानीय तहको संस्थागत क्षमता विकास गरी सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा नागरिकमैत्री बनाउन सहभागितामूलक शासन प्रणालीलाई संस्थागत गरिनेछ।

२. नेपाल सरकारबाट स्वीकृत दरबन्दी तेरिज अनुसार स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) का आधारमा जनशक्ति व्यवस्थापनको लागि पदपूर्ति गर्ने निकाय सँग आवश्यक पहल गरिनेछ।

३. कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

४. सूचना प्रविधिमा आधारित प्रशासनिक प्रणाली विकास गरी विद्युतीय सुशासन (E-Governance) लाई प्रवर्द्धन गर्न एकिकृत कार्यालय व्यवस्थापन प्रणाली पूर्ण रुपमा लागु गरिनेछ।

५. डिजिटल नागरिक बडापत्र, क्षतिपूर्ति सहितको नागरिक वडापत्र र गुनासो व्यवस्थापन तथा सार्वजनिक सुनुवाइलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

६. सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, सरल तथा गुणस्तरीय बनाउनका लागि मुस्कान सहितको सेवा प्रवाहको लागि आवश्यक व्यवस्था गरिनेछ ।

७. नरहरिनाथ गाउँपालिकाको स्वीकृत दरबन्दी तेरिज अनुसार प्रत्येक पदको कार्यसम्पादन सम्झौता तयार गरी सम्बन्धित कर्मचारीको कार्यसर्त विवरण तयार गरि पुर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

८. गाउँपालिकामा कार्यरत करार कर्मचारी, अनुदान करार शिक्षक, स्वास्थ्यकर्मी, विद्यालय कर्मचारीहरुलाई पोषाक भत्ता व्यवस्थापन गरिनेछ ।

९. करदाता शिक्षा, राजश्व शिविर सञ्चालन तथा बजार अनुगमन उपभोग्य तथा अत्यावश्यक बस्तु र सेवाको कालोबजारी कृतिम अभाव सृजना अस्वभाभिक मूल्य बृद्धि लगायतका कार्यहरुको नियमन तथा नियन्त्रण गरिनेछ ।

१०. यस गाउँपालिका भित्र रहेका वडा कार्यालय र अन्य शाखा तथा उप-शाखाहरुबाट खरिद गरिने सम्पूर्ण सामाग्रीहरु खरिद गर्न बार्षिक खरिद गुरु योजना र खरिद योजना तयार गरि सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम सम्बन्धित कार्यालय वा शाखाहरुबाट खरिद प्रकृया अगाडी बढाइनेछ ।

११. सेवा प्रवाहमा पार्दशिता, जवाफदेही र उत्तरदायित्व, प्रभावकारी र गुणस्तरीय बनाई सार्वजनिक पदाधिकारीहरूमा जिम्मेवार बन्ने संस्कार बसाउन तथा नागरिकहरुको सन्तुष्टिलाई मुखरित गर्न प्रत्येक त्रैमासिकमा १ पटक सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिनेछ ।

१२. यस आर्थिक बर्षमा विनियोजन गरिने बजेटलाई सम्बन्धित वडाको जनसंख्या, भुगोल, राजश्वको क्षमता, विकासको अवस्था तथा आवश्यकता समेतको आधारमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ।

१३. सेवा केन्द्रका रुपमा सेवा प्रवाह गरिरहेका वडा कार्यालयहरुको काम कारबाहिलाई थप प्रभावकारी र अधिकार सम्पन्न बनाउन थप कर्मचारी भौतिक पूर्वाधार तथा आवश्यक स्रोत साधनको व्यवस्था मिलाइने छ ।

१४. ऐन, कानून, नियमावली र कार्यविधि संशोधन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**सामाजिक सुरक्षा तथा व्याक्तिगत घटना दर्ता नीति**

१. सामाजिक सुरक्षा तथा व्याक्तिगत घटना दर्ता र बायोमेट्रिक भेरीफिकेशन रुजु र आइरिस (IRIS) जडान तथा सञ्चालन सम्वन्धी स्थानीय पञ्जिकाधिकारीहरुलाई क्षमता विकास तालिम संचालन गरिनेछ ।

२. प्रत्येक वर्ष बैशाख पहिलो साता मनाइने व्याक्तिगत घटना दर्ता सप्ताहलाइ निरन्तरता र प्रभावकारी बनाउन उक्त कार्यक्रम संचालनका लागी आवश्यक वजेटको व्यवस्था गरिनेछ।

३. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई प्रभावकारी र पार्दशिक बनाउन वास्तविक लाभग्राही सुनिश्चितताका लागि राष्ट्रिय परिचयपत्र नम्वर अद्यावधिक गरी अनिवार्य रुपमा वायोमेट्रिक भेरिफिकेशन गर्नका लागि वडा कार्यालयहरु सँग आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ ।

**राजस्व तथा वित्त सम्बन्धी नीति**

१. स्थानीय कर, सेवा शुल्क,दस्तुर तथा अन्य राजस्वका स्रोतहरूको पहिचान, विस्तार तथा सुदृढीकरण गरि गाउँपालिकाको आन्तरिक आयस्रोतमा बृद्धि गरिनेछ।

२. कर प्रशासनलाई पारदर्शी, उत्तरदायी, प्रविधिमैत्री तथा करदातामैत्री बनाउनका लागि सबै स्वास्थ्य संस्था वडा कार्यलयहरुबाट संकलन गरिन राजश्व अनिवार्य रुपमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मार्फत राजश्व संकल्न गरिनेछ ।

३. सम्पत्ति, व्यवसाय तथा अन्य करदाताहरूको अभिलेखीकरण तथा अद्यावधिक कार्यलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

४. आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरी आर्थिक सुशासन प्रवर्द्धन गरिनुका साथै बेरुजु न्यूनीकरण तथा लेखापरीक्षणबाट औंल्याइएका सुझावहरूको कार्यान्वयनलाई उच्च प्राथमिकता दिइनेछ।

५. आन्तरिक राजस्व अनुगमन, मूल्यांकन तथा संकलन प्रणाली व्यवस्थित गराउन राजश्व परामर्श समितीको क्षमता अभिवृद्वी सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

६. नदिजन्य पदार्थ ढुङ्गा गिट्टी, बालुवाको खुल्ला प्रतिस्पर्धा टेन्डर आव्हान गरि राजश्व संकलन गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध र सबल गाउँपालिका निर्माण गर्ने सङ्कल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु। प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट हालसम्म हासिल भएका राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धि संस्थागत हुनुको साथै आगामी दिनमा विकास प्रक्रियामा थप गतिशीलता आउने र प्रभावकारी एवम् नतिजामुखी सेवा प्रवाहमार्फत सुशासनको प्रत्याभूति हुने कुरामा दृढ विश्वास व्यक्त गर्दछु। अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सुझाव र सहयोग प्रदान गर्नुहुने राजनीतिक दल, जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, सहकारी एवम् निजी क्षेत्र, गैरसरकारी संघसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरू, आम सञ्चारजगत, नागरिक समाज, उद्योगी, व्यवसायी, किसान, श्रमिकवर्ग र सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूप्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सबैबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद ।।।**

**नगेन्द्र बहादुर विष्ट**
**अध्यक्ष**

# नरहरिनाथ गाउँपालिकाको आर्थिक वर्ष

# २०८३।०८४ को

# बजेट बक्तव्य

## नरहरिनाथ गाउँकार्यपालिकाको कार्यालय

## कुमालगाउँ, कालिकोट

## २०८३।०३।१०

# आर्थिक वर्ष २०८३।०८४ को बजेट बक्तव्य

**गाउँसभाका सभाध्यक्ष ज्यू,**
**तथा सदस्यज्यूहरू,**

नेपालको संविधान जारी भए पश्चात दोस्रो पटक स्थानीय तहको निर्वाचन भइ गठन भएको १९ औं गाउँसभामा आर्थिक वर्ष २०८३।८४ को बजेट पेश गर्न पाउँदा गौरव महशुस गरेको छु। यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक एवं शासन व्यवस्था परिवर्तन गर्न आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामिले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम र बजेट त्यस तर्फ नै निर्देशित रहेको छ । जनता समक्ष प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, स्रोत साधनमा बृद्धि र प्रणालीको विकास गर्ने निति अवलम्बन  गर्न प्रस्ताव गरिएको छ ।शिक्षा, स्वास्थ्य, रोजगारी,उद्यमशिलता, सामाजिक विकास, यूवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, मानव अधिकार प्रर्वद्धन जस्ता विषयगत क्षेत्रहरुका लागी विशेष यो बजेट तथा कार्यक्रम प्रस्ताव गरेको छु।

सिमित स्रोत साधनको व्यवस्थापन गर्दै जनताका विकासका अपेक्षाहरू संवोधन गरी सामाजिक न्याय प्राप्ती गर्नुपर्ने चूनौती गाउँपालिकामा रहेको छ। नेपालको संविधान, पन्ध्रौ योजनाको लक्ष्य तथा उद्देश्य, दिगो विकासका लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ तथा गाउँपालिकाको आवश्यकता समेतलाई मध्यनजर गरी कार्य संचालन गर्नु परेको अवस्था छ।यस महत्वपूर्ण समयमा सुझाव तथा सल्लाह दिइ बजेटलाई पूर्णता दिन अमूल्य सहयोग, सुझाव तथा सल्लाह दिने सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राष्ट्रसेवक कर्मचारीहरू, बुद्धिजीविहरू, पत्रकार, नागरिक समाज, श्रमिक वर्ग, राजनीति दलका प्रतिनिधी, गैरसरकारी संघ तथा संस्थाहरू तथा अन्य सरोकारवाला प्रति हार्दिक आधार व्यक्त गर्दै आगामी दिनमा समेत सकारात्मक तथा रचनात्मक भूमिका निर्वाह गर्न अपिल समेत गर्दछु।

स्थानिय सरकारको रुपमा नरहरिनाथ गाउँपालिकाले व्यवस्थापकीय, कार्यकारी र न्यायीक अधिकारको प्रयोग गर्दै आएको छ ।यस सम्मानित गाउँ सभामा बजेट तथा कार्यक्रमको अतिरिक्त आर्थिक विधेयक र विनियोजन विधेयक समेत प्रतस्तुत भई पारित गर्ने कार्यक्रम रहेको छ ।

**आदरणीय गाउँ सभाका सभाध्यक्ष ज्यू**

**र सभाका सदस्य ज्यूहरु,**

अब म सभा समक्ष चालु आर्थिक बर्ष २०८२/८३ को आम्दानी तथा खर्चको समग्र अवस्था सम्बन्धमा संक्षेपमा समिक्षा गर्ने अनुमति चाहान्छु ।

**आम्दानी तर्फ**

नरहरिनाथ गाउँपालिकामा आर्थिक बर्ष २०८२/२०८३ मा आन्तरिक श्रोतबाट १ करोड २१ लाख २४ हजार र बाह्य श्रोतबाट रू४५ करोड ४२ लाख २२ हजार गरि कुल आम्दानी रु. ४६ करोड ६३ लाख ४६ हजार हुने अनुमान गरिएकोमा सम्वत २०८३ असार ९ गते सम्ममा आन्तरिक श्रोतबाट रु. १ करोड २१ लाख २४ हजार आम्दानी भएको छ, जुन लक्ष्यको तुलनामा शत प्रतिशत हुन आउछ । बाह्य आम्दानी तर्फ रू ४५ करोड ४२ लाख २२ हजार आम्दानी भएको छ । जुन लक्ष्यको तुलनामा करिव ८८.४० प्रतिशत हुन आउछ । २०८३ असार मसान्त सम्म आन्तरिक र बाह्य गरि कुल रु ५० करोड ३७ लाख ९५ हजार आम्दानी भएको छ, जुन लक्ष्यको तुलनामा ९८ प्रतिशत हुन आउछ । नरहरिनाथ गाउँपालिकाले लिएको नीति अनुरूप अपेक्षित राजश्व संकलन कम भएको व्यहोरा जानकारी गरिन्छ

**विनियोजन तर्फ**

चालु आर्थिक बर्ष २०८२/०८३ का लागी नरहरिनाथ गाउँपालिकाबाट कुल रू. ५१ करोड ३७ लाख ९५ हजार रुपैयाँ बजेट विनियोजन गरिएको थियो । विनियोजन बजेट मध्ये २०८३ असार ९ गते सम्ममा चालु तर्फ रू २७ करोड ७ हजार खर्च भएको छ । पुँजिगत एवम् पूर्वाधार तर्फ रू ४ करोड २ लाख ७ हजार रूपैयाँ गरि कुल रू २८ करोड ४२ लाख २६ हजार खर्च भएको छ, जुन आम्दानीको ५६ प्रतिशत हुन आउँछ ।

**सभाध्यक्ष महोदय,**

अव म आगामि आर्थिक बर्ष २०८३।८४ को बजेट तथा कार्यक्रम १९ औं सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु। आगामि बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका उद्देश्य हासिल गर्न मैले देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

**अव म आगामी आर्थिक बर्ष २०८३।८४ को बजेटको उद्देश्य तथा प्राथमिकता पेश गर्न अनुमती चाहन्छु।**

**बजेटका उद्देश्यलाई निम्न अनुसार प्रस्तुत गरेको छु।**

१. **आर्थिक स्रोतको उचित परिचालन गरि राजश्व बृद्धि गर्ने,**
२. प्राथमिकताका योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्थापन गर्ने

३. आधुनिक सूचना प्रविधिको प्रयोग गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि डिजिटलाइजेशन प्रविधिको अवलम्बन गर्ने,

**४. आय र व्ययको प्रभावकारी व्यवस्थापन गर्दै आर्थिक मितव्ययिता अपनाउने,**

५. शिक्षा, स्वास्थ्य, सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास मार्फत समुन्नत र समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माणमा गाउँपालिकाको आर्थिक गतिविधि मार्फत योगदान गर्ने,

६. दक्ष सीपयुक्त मानव संसाधन विकास गर्नका लागि आवश्यक व्यवस्था गर्ने,

७. राजश्वको स्रोतहरुको पहिचान गरि राजश्वको दायरा बिस्तार गर्ने,

८. उत्पादन, उत्पादकत्वको अभिबृद्धिबाट थप रोजगारीमा सिर्जना गर्ने,

९. कार्यसम्पादनमा आधारित अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित बनाउने,

१०. गाउँपालिकाको प्रशासनिक भवन, विद्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकास गरी नागरिकमैत्री बनाउने,

११. संघिय सरकार, प्रदेश सरकारले तय गरेको नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८३/८४ को लागि नरहरिनाथ गाउँपालिकाको अनुमानित आयको विवरण प्रस्तुत गर्न गइरहेको छु।**

नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापत प्राप्त हुने अनुमानित रु ११ करोड ७५ लाख, सशर्त अनुदान चालु तर्फ रु २३ करोड २५ लाख, पुँजीगत १ करोड ६लाख , विशेष अनुदान २ करोड ८५ लाख, समपुरक अनुदान १ करोड २५ लाख र राजश्व बाँडफाँडबाट प्राप्त हुने १० करोड १९ लाख ८० हजार गरि संघिय सरकारबाट विनियोजित रकम रू ५० करोड ३५ लाख ८० हजार रहेको छ ।

**त्यसै गरि प्रदेश सरकारबाट विनियोजित** समानीकरण अनुदान १ करोड ६६ लाख ५९ हजार, समपुरक तर्फ २ करोड ८० लाख बिषेश अनुदान तर्फ १ करोड १० लाख सशर्त अनुदान चालु तर्फ २० लाख ७५ हजार, सशर्त अनुदान पूँजीगत १ करोड ६५ लाख, राजश्व बाँडफाँड १४ लाख ३९ हजार ६ सय २ रूपैया गरि प्रदेश सरकारबाट विनियोजित रकम रू ७ करोड ५६ लाख ७३ हजार ६ सय २ रूपैंया रहेको छ ।

गाउँपालिकाको अनुमानित आन्तरिक राजश्व ४० लाख र गत वर्षको बाँकी मौज्दात अनुमानित रकम रू ३ करोड २७ लाख ६ हजार १ सय रुपैंया गरी जम्मा रु ३ करोड ६७ लाख ६ हजार १ सय रुपैयाँ अनुमानित गरिएको छ। त्यसै गरि संघीय सरकार, प्रदेश सरकार स्थानीय तहको आन्तरिक आय गरि कुल जम्मा बजेट रू ६१ करोड ५९ लाख ५९ हजार ७ सय २ रूपैंया जसमध्ये ६० **प्रतिशत चालु र** ४० प्रतिशत पुँजीगत खर्च हुनेगरी विनियोजन गरिएको छ।